गुर्भाकोट नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
# शिक्षा,युवा तथा खेलकुद शाखा
सुभाघाट, सुर्खेत
कर्णाली प्रदेश, नेपाल

पत्र संख्या :०७५।७६(शिक्षा)
चलानी नं.: ६६९

मितिः २०७५।१२।२६

श्री आधारभूत तह (कक्षा ८) सन्चालन भएका सबै विद्यालयहरु ।
गुर्भाकोट नगरपालिका , सुर्खेत

**विषय : आधारभूत तह (कक्षा ८) उत्तीर्ण परीक्षा को नतिजा प्रकाशन सम्बन्धमा ।**

प्रस्तुत विषयानुसार यस गुर्भाकोट नगरपालिका, सुर्खेतको आधारभूत तह उत्तीर्ण परीक्षा समितिको मिति २०७५/१२/२५ को निर्णयानुसार आ-आफ्नो विद्यालयमा आधारभूत तह (कक्षा ८) उत्तीर्ण परीक्षा को नतिजा प्रकाशन सम्बन्धमा देहायबमोजिम गर्नु गराउनु हुन अनुरोध छ ।

१) शिक्षा,युवा तथा शाखाबाट उपलब्ध गराइएको प्रमाणित ग्रेडिङ लेजर अनुसार GPA सिस्टमका आधारमा नतिजा प्रकाशन गर्नुहुन ।

२) नतिजा प्रकाशन पश्चात सम्बन्धित सरोकारवालाहरुको रोहवरमा समग्र परीक्षा र नतिजाको समिक्षा र विश्लेषण गर्नुहुन ।

३) मुख्य विषयहरु ( नेपाली, अंग्रेजी, गणित, विज्ञान र सामाजिक) को सैद्धान्तिक र प्रयोगात्मक गरी कुल GPA कम्तिमा D+ भन्दा माथी हासिल गर्ने विद्यार्थीहरुलाइ मात्र कक्षा ९ मा भर्नाको अवसर प्राप्त हुने हुँदा सोही अनुसारको सूचना सम्प्रेषण गर्नुहुन । ग्रेड सिट उपलब्ध हुनुभन्दा अगाडी यदि कुनै विद्यार्थी अर्को विद्यालयमा भर्ना हुन जानु पर्ने भएमा/चाहेमा उपलबध गराइएको प्रमाणित ग्रेडिङ लेजरको प्रतिलिपी विद्यालयले नै प्रमाणित गरी स्थानान्तरण प्रमाण पत्र सगै उपलब्ध गराउने व्यवस्था मिलाउनु हुन ।

४) शिक्षा,युवा तथा खेलकुद शाखाबाट उपलब्ध गराइएको प्रमाणित ग्रेडिङ लेजरमा विद्यार्थीको नाम र जन्म मिति फरक परेमा जन्म दर्ता प्रमाण पत्रका आधारमा रातो मसिले रुजु गरि गराइ सो लेजर मिति २०७५/०१/०९ गतेभित्र नगर शिक्षा शाखामा अनिवार्य रुपमा बुझाउनु हुन ।

५) कुनै विद्यार्थीले पुर्नयोग गर्न चाहेमा प्रति विषय रु २०० का दरले मिति २०७६/०१/०६ सम्म विद्यालयमा विद्यार्थीको प्रवेश पत्रको प्रतिलिपी र निवेदन संकलन गरि मिति २०७६/०१/०९ सम्म शिक्षा,युवा तथा खेलकुद शाखामा अनिवार्य रुपमा बुझाउनु हुन । त्यो भन्दा पछि आएका निवेदनहरु समावेश गरिने छैन ।

६) विस्तृत रुपमा आधारभूत तह (कक्षा ८) उत्तीर्ण परीक्षाको नतिजा गुर्भाकोट नगरपालिकाको वेवसाइट www.gurbhakotmun.gov.np मा लग इन गरि हेर्न सकिनेछ ।

**बोधार्थः**

**श्री गुर्भाकोट नगरकार्यपालिकाको कार्यालय,सूचना, प्रविधि तथा सामाजिक सुरक्षा उपशाखा**

**सुभाघाट, सुर्खेतः आधारभूत तह उत्तीर्ण (कक्षा ८) परीक्षाको नतिजा वेवसाइटमा अपलोड गरिदिनुहुन ।**

नगर शिक्षा शाखा प्रमुख

टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत